२०८१ साउन १० गतेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू

| क्र.सं. | मन्त्रालय | विषयको सङ्क्षिप्त व्यहोरा |
|---|---|---|
| 1 | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | राष्ट्रिय योजना आयोगको रिक्त उपाध्यक्ष पदमा प्रा.डा. शिवराज अधिकारी, सदस्यहरूमा प्रा. डा. रामपदारथ विच्छा, डा. रमेशप्रसाद सिंह, डा. प्रकाशकुमार श्रेष्ठ, श्री गिताकुमारी पौड्याल अधिकारी, डा. जयबहादुर टण्डन र श्री गंगादत्त अवस्थीलाई नियुक्त गर्ने। |
| 2 | अर्थ मन्त्रालय | विश्व बैंकबाट प्रादेशिक तथा स्थानीय सडक सुधार कार्यक्रम-पहिलो चरणअन्तर्गत उपलब्ध हुने ७४.६ मिलियन SDR अर्थात् १०० मिलियन अमेरिकी डलर (करिब रु. १३ अर्ब ३३ करोड नेपाली रुपैयाँ) बराबरको सहुलियतपूर्ण ऋण स्वीकार गर्ने। |
| 3 | ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | तल्लो मोदी-नयाँ मोदी १३२ के.भी. प्रसारणलाइन आयोजनाअन्तर्गत पर्वत जिल्लामा करिब ०.९४७ हेक्टर जग्गा प्राप्ति गर्न स्वीकृति दिने। |
| 4 | ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | झापा, मोरङ, सुनसरी, सिरहा, सप्तरी, बारा, सर्लाही, नवलपुर, गोरखा, नवलपरासी, कपिलवस्तु, बाँके, बर्दिया र कैलाली जिल्लाका १९ स्थानहरूमा विद्युतीकरण विस्तार तथा चुहावट न्यूनीकरण आयोजनाअन्तर्गत ३३/११ के.भी. सवस्टेसन निर्माणको लागि जग्गा प्राप्ति गर्न स्वीकृति दिने। |
| 5 | भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय | गरिब परिवार पहिचान तथा परिचयपत्र वितरण निर्देशिका, २०७५ को दफा १५ को उपदफा (२) बमोजिम १५ जिल्ला (ओखलढुङ्गा, कञ्चनपुर, गुल्मी, दोलखा, धनुषा, नुवाकोट, पर्सा, बारा, बैतडी, मनाङ, मुस्ताङ, रूपन्देही, सप्तरी, सर्लाही र सिन्धुपाल्चोक) का २,७१,६४०(दुइलाख एकहत्तर हजार छ सय चालिस) गरिब परिवारको अन्तिम सूची स्वीकृत गर्ने। |
| 6 | भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय | नेपाल सरकारको नाममा दर्ता रहेको नवलपरासी (बर्दघाट सुस्तापश्चिम) जिल्ला सरावल गाउँपालिका वडा नं.५ मा ३६८० वर्गमिटर जग्गा १५ शय्याको आधारभूत अस्पताल भवन निर्माणका लागि उपयोग गर्न स्वीकृति दिने। |
| 7 | भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय | नेपाल सरकारको नाममा दर्ता रहेको कपिलवस्तु जिल्ला शुद्धोधन गाउँपालिकाअन्तर्गत बाँसखोर स्वास्थ्य चौकीको भवन निर्माणका लागि ०-१७-७ विघा जग्गा उपयोग गर्न स्वीकृति दिने। |
| 8 | वन तथा वातावरण मन्त्रालय | नेपाल वन सेवा, जनरल फरेष्ट्री समूहको राजपत्राङ्कित द्वितीय श्रेणीका एकजना कर्मचारीलाई प्रथम श्रेणीको सहसचिव (प्रा.) पदमा बढुवा नियुक्त गर्ने। |
| 9 | वन तथा वातावरण मन्त्रालय | लखरपाटा-खम्वागाडे-मुरमुरी-जामुन सुनकाँडा सडक निर्माणको लागि सुर्खेत जिल्लाको बराहताल गाउँपालिका र पञ्चपुरी नगरपालिकामा रहेको राष्ट्रिय वनको ९.३६ हेक्टर जग्गा प्रयोग गर्न दिने। |
| 10 | वन तथा वातावरण मन्त्रालय | विनयी त्रिवेणी गाउँ कार्यपालिकाको कार्यालय, नवलपरासी (बर्दघाट-सुस्तापूर्व) लाई प्रशासनिक भवन निर्माणका लागि सोही गाउँपालिको वडा नं. २ मा रहेको ६ रोपनी राष्ट्रिय वनको जग्गा प्रयोग गर्न दिने। |
| 11 | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | नेपाल विश्वविद्यालय पूर्वाधार विकास तयारी समिति (गठन) (दोस्रो संशोधन) आदेश, २०८१ स्वीकृत गर्ने। |